पुर्वीचौकी गाउँपालिका

प्रदेश नं ७,सानागाउँ डोटी

# पुर्वीचौकी राजपत्र

खण्डः १ संख्याः ७ मितिः २०७४/१०/२३

## भाग-२

पुर्वीचौकी गाउँपालिका

नेपालको संविधानको धारा २२६ को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम गाउँ सभा र नगर सभालाई संविधानको अनुसूची ८ र अनुसूची ९ बमोजिम अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाउन सक्ने प्रावधान अन्तर्गत पूर्वीचौकी गाउँकार्यपालिकाले बनाएको आधारभूत कक्षा ८को परीक्षा सञ्चालन कार्यविधि २०७४ सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएकोछ ।

# आधारभूत तह कक्षा ८ को परिक्षा सञ्चालन कार्यविधि २०७४

कार्यपालिकाबाट स्वीकृत मिति : २०७४/१०/१९

**प्रस्तावना**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ को ज आधार भूत तथा माध्यमिक शिक्षाको बुँदा नं. १४ बमोजिम आधारभूत तहको परिक्षा सञ्चालन , अनुगमन व्यवस्थापन गर्ने अधिकारको कार्यान्वयन गर्न आधारभूत तह कक्षा ८ को परिक्षा सञ्चालन कार्यविधि २०७४ तयार गरिएको छ ।

**१ संक्षिप्त नाम र प्रारम्भ**

यस कार्यविधिको नाम "आधारभूत तह कक्षा ८ को परीक्षा सञ्चालन कार्यविधि रहेको छ ।"

यो कार्यविधि तुरुन्त लागु हुने छ ।

२) विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "कार्यविधि" भन्नाले आधारभूत तह कक्षा ८ को परिक्षा सञ्चालन कार्यविधि २०७४ सम्झनु पर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले पूर्वीचौकी गाउँपालिका सम्झनुपर्दछ ।

(ग) "अध्यक्ष र उपाध्यक्ष" भन्नाले गाउँ प्रमुख र उप प्रमुख सम्झनुपर्दछ ।

(घ) " प्रमुख प्रशासकीय अधिकृत " भन्नाले पुर्वीचौकी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(ङ) "समिति" भन्नाले कार्यविधिको बुँदा नं. ३ अनुसार गठित समिति सम्झनु पर्दछ ।

(च) " अध्यक्ष" भन्नाले उक्त समितिको अध्यक्ष सम्झनु पर्दछ ।

(छ) "सदस्य सचिव " भन्नाले उक्त समितिको सदस्य सचिव सम्झनु पर्दछ ।

(ज) " सदस्य " भन्नाले उक्त समितिको अध्यक्ष , सदस्य , सचिव र सदस्य समेतलाई सम्झनु पर्दछ ।



CamScanner

(झ) " तोकिएको वा तोकिए बमोजिम " भन्नाले यस कार्यविधि अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम पर्दछ ।

(ञ) " विषय विशेषज्ञ " भन्नाले सम्बन्धित विषयमा विज्ञता हासिल गरेको व्यक्तिलाई सम्झनु पर्दछ ।

(ट) "आधारभूत तहको परीक्षा" भन्नाले आधारभूत तह कक्षा ८ को परीक्षालाई सम्झनु पर्दछ ।

(ठ) शिक्षा इकाइ भन्नाले पूर्विचौकी गाउँपालिका अन्तर्गत शिक्षा हेर्नेलाई सम्झनु पर्दछ ।

३) आधारभूत तह उत्तिण परीक्षाको सञ्चालन नियन्त्रण र व्यवस्थापन

आधारभूत तह उत्तिण परीक्षाको संचालन नियन्त्रण र व्यवस्थापनका लागि देहाय बमोजिमको आधारभूत तह उत्तिण परीक्षा समिति रहनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत–अध्यक्ष

ख) गाउँपालिका भित्रका आधारभूत तह र माध्यमिक तहका विद्यालयका शिक्षाकहरुको प्रतिनिधित्व हुने गरी कम्तीमा एकजना महिला शिक्षक सहित प्रमुख प्रशासकीय अधिकृतले मनोनित गरेका तीनजना सदस्य ।

ग) गाउँपासिलका कार्यालयको शिक्षा इकाई हेर्ने प्रमुख –सदस्य सचिव

घ) परीक्षा समितिले गाउँपालिका अध्यक्ष र उपाध्यक्ष र सम्बन्धित विषयका विशेषज्ञहरुलाई परीक्षा समितिको बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

ङ) परीक्षा समितिको त्रैठक सम्बन्धि कार्यविधि सो समितिले आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

च) परीक्षा समितिको कार्यकाल दुई बर्षको हुनेछ ।

४) आधारभूत तह उत्तिर्ण परीक्षा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) परीक्षा परिचालन सम्बन्धि नीति निर्धारण गर्ने ।

ख) परीक्षा केन्द्र तोक्ने ।

ग) विद्यालयहरुलाई समूहमा विभाजन गरी परीक्षा संचालन गर्ने ।

घ) परीक्षाफल प्रकाशित गराउने तथा उत्तिर्ण परीक्षार्थीहरुलाई प्रमाण पत्र दिने ।

ङ) संस्थागत विद्यालयको परीक्षा शुल्क तथा परीक्षा सम्वन्धि काममा संलग्न व्यक्तिको पारिश्रमिक निर्धारण गर्ने ।

च) कुनै परीक्षाकेन्द्रमा अनिनियतता भएमा आवश्यकता अनुसार परीक्षा बदर गरी पुन: परीक्षा गराउने वा त्यस्तो परीक्षा केन्द्र बन्द गर्ने ।

छ) दैवी प्रकोपा वा कुनै कारणबाट निर्धारित समयमा परीक्षा संचालन गर्न वा परीक्षाफल प्रकाशित गर्न बाधा परेमा तुरुन्तै आवश्यक निर्णय लिने

ज) गाउँपालिकाले तोके बमोजिम अन्य काम गर्ने ।

झ) बुंदा नं ४ को घ बमोजिम प्रमाण पत्र दिँदा परीक्षा समितिले विषयगत उत्तिर्ण पद्धति (Subject wise Pass System) अबलम्वन गरी जतिवटा विषयमा विद्यार्थी उत्तिर्ण भएको हुन्छ, त्यतिवटा विषयको मात्र प्रमाण पत्र दिनेछ ।

ञ) परीक्षा समितिले बुँदा नं. ४ बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार उप समिति वा कार्यटोली वा कु... अधिकारीलाई सुम्पन सक्नेछ ।

प्रमाणीकरण मिति २०७४/१०/१९ आज्ञाले,

नाम : दिपक प्रसाद नगरकोटी

नि..प्रमुख प्रशासकीय अधिकृत



CamScanner